# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७३/१०/११ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

---

नापी कार्यालय, टोखा सरस्वति, काठमाण्डौमा कार्यरत नापी सर्वेक्षक गणेश प्रसाद मिश्रले विभिन्न कित्ता नं का जग्गाहरुको हालसाविक गर्ने प्रयोजनका लागि विभिन्न बहानामा घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालबाट खटि गएको टोलीले निज गणेश प्रसाद मिश्रलाई लेखापढि व्यवसायी प्रमोद पाण्डे मार्फत रु.१,००,०००।-(एक लाख) घुस रकम लिएको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुँदा निज गणेश प्रसाद मिश्रले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) वमोजिमको कसूर गरेको पुष्टि हुन आएको हुँदा राष्ट्रसेवक गणेश प्रसाद मिश्रलाई रु. १,००,०००।-(एक लाख) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौमा आरोपपत्र दायर गरिएको छ ।

साथै निज गणेश प्रसाद मिश्रलाई घुस लेनदेन कार्यमा मतियार र सहयोगीको भूमिका निर्वाह गर्ने लेखापढी व्यवसायी प्रमोद पाण्डेले भ्रष्टचार निवारण ऐन,२०५९ को दफा २२ बमोजिमको कसूर गरेको देखिएको हुंदा निज प्रमोद पाण्डेलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम गणेश प्रसाद मिश्रलाई हुने सजायको आधा सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौमा आरोप-पत्र दायर गरिएको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता